पृष्ठ १ बाट क्रमशः

एमाले ११औं...

त्यसै दिनको मन्त्रिपरिषद्को बैठकबाट घटनाको छानबिन गर्न पूर्वन्यायाधीशको नेतृत्वमा आयोग गठन गर्ने निर्णय पनि भइसकेको थियो । असामान्य परिस्थितिप्रति सरकार गम्भीर र संवेदनशील थियो। तर राज्यविरुद्ध आक्रमणको योजना बनाएका तत्वहरूलाई यी कदम पर्याप्त भएनन् । उनीहरूलाई त देश दहन गर्ने अगुल्टो चाहिएको थियो,' ओलीले भने ।

मुलुकको राष्ट्रियता, लोकतन्त्र, संविधान, अर्थतन्त्र, नेपाली संस्कार र एकतालाई खलबल्याउने र गम्भीर रूपमा घाइते पार्ने योजनाबद्ध कदम भएको ठहर ओलीको छ ।

'जतिबेला, राष्ट्रिय सम्पदा र निजी सम्पत्तिमाथि आगो झोस्ने कामलाई नै 'आन्दोलन', 'विद्रोह' र 'क्रान्ति'का रूपमा महिमामण्डित गरिँदै थियो । त्यही भिडको फुटेज देखाएर, कोही सत्ता, कोही सौदा र कोही सहानुभूति बटुल्दै थिए । त्यतिबेला एमाले मात्रै यस्तो पार्टी रहृयो जसले सुरुदेखि नै स्पष्ट भन्यो, यो हाम्रो व्यवस्थामाथिको आक्रमण हो, यो देशमाथिको प्रहार हो,' ओलीले भने ।

ओलीले जेनजी विद्रोह भएको दिनलाई महाविनाशको संज्ञा दिँदै आफूहरूले त्यसलाई नबिर्सेको बताए । 'त्यो महाविनाश, न हामीले बिर्सेका छौँ, न बिर्सनेछौँ । दोहऱ्याएरै भन्छु-- ... नबिर्सौं । अहिलेलाई यत्ति मात्र, त्यस दिनको महाविनाशको छानबिन होस्, दोषी पहिचान होस्, अपराधीले सजाय पाउन्,' ओलीले कडा जवाफ दिँदै भने ।

उनले असामान्य परिस्थितिमा थप क्षति नहोस् भन्दै आफूले राजीनामा दिएको बताए । त्यतिबेलाको कुरा स्मरण गर्दै ओलीले अन्योल चिर्न संवैधानिक बाटोबाटै निकास दिन स्पष्ट विकल्पहरू राखेको बताए । 'यदि संसद्भन्दा बाहिरको व्यक्तिलाई प्रधानमन्त्री बनाउनुपर्ने भए, दलहरूबीच सहमति हुनुपर्छ, सांसदमार्फत संविधान संशोधन गर्नुपर्छ । प्रतिनिधिसभा विघटन हुनुहुँदैन । यही हाम्रो दृढ अडान थियो । कामचलाउ प्रधानमन्त्रीको नाताले मैले संवैधानिक निकासको बाटो देखाएको थिएँ । तर देशलाई उल्टो दिशामा लगियो । संविधानको बाटो छाडेर बाहिरबाट सरकार गठन गरियो । अनधिकृत व्यक्तिबाट प्रतिनिधिसभा विघटन गरियो,' ओलीले भने।

एमाले अध्यक्ष ओलीले आफूहरूलाई कुनै पनि हालतमा प्रतिनिधिसभा विघटन स्वीकार्य नभएको जिकिर गरे । अनधिकृत सिफारिसमा प्रतिनिधिसभा विघटनलाई उनले असंवैधानिक भएको भन्दै यसले लोकतन्त्र कमजोर भएको बताए ।

ओलीले अनेक चुनौती र प्रहारलाई चिर्दै एमालेको पक्षमा जनलहर उर्लिएको दावी गरे । एमाले कुनै राजनीतिक 'स्टन्ट' नगरी समृद्ध मुलुक बनाउने संकल्पमा अग्रसर रहने जनाउँदै सुशासन र विकास चाहने सम्पूर्ण शक्तिले एमालेलाई साथ दिएको उल्लेख गरे । विगतमा भन्दा भाषणमा नरम सुनिएका ओलीले पार्टीको ११औं महाधिवेशनलाई एकताको महाधिवेशन बनाउने चाहना व्यक्त गर्दै सके सर्वसम्मत नत्र स्वस्थ प्रतिस्पर्धामार्फत आन्तरिक एकता कायम राख्न महाधिवेशन सफल हुनुपर्ने बताए ।

'निकासको मार्ग सर्वोच्चले नै तय गर्छ'

एमाले महाधिवेशनमा शुभकामना दिन पुगेका नेपाली कांग्रेसका कार्यवाहक सभापति पूर्णबहादुर खड्काले संवैधानिक निकासको मार्ग सर्वोच्च अदालतले नै तय गर्ने बताएका छन् । खड्काले प्रतिनिधिसभा विघटनलाई तत्काल असंवैधानिक कदम र अदालतको नजिरविपरीत रहेको बताए । तर संवैधानिक निकासको मार्ग सर्वोच्च अदालतले तय गर्ने उनले बताए । 'प्रतिनिधिसभा विघटनलाई तत्काल असंवैधानिक कदम र अदालतको नजिरविपरीत रहेको मत हामीले पहिल्यै राखिसकेका हौँ,' खड्काले भने, 'तर संवैधानिक निकासको मार्ग सर्वोच्च अदालत नै तय गर्ने हो भन्दै हामीले यसलाई कुर्दै निर्वाचनको बाटोमा जाने निर्णय गरेका छौं ।'

ओलीले बहुमत ल्याउने ल्याकत राख्ने पार्टी चुनावबाट नभाग्ने बताए पनि २१ फागुनको निर्वाचनमा भाग लिने बताएनन् । सरकार चुनाव गराउने बाटोमा नै नहिँडेको बताउँदै ओलीले भने, 'बहुमत ल्याउने ल्याकत भएको एमाले चुनावबाट भाग्छ भन्ने कसैले नसोचे हुन्छ । तर अहिले चुनाव होइन, चुनावको कुरा मात्रै भइरहेको छ ।'

खड्काले निरंकुशताको कालो बादल मडारिँदाको सहयात्री एमाले भएको बताए । खड्काले एमाले कांग्रेस समय-समयको सहयात्री दल भएको स्मरण गर्दै भने, 'एमाले लोकतान्त्रिक दल मात्रै होइन, समय समयको कांग्रेसको सहयात्री दल पनि हो । निरंकुशताको कालो बादल मडारिँदा कांग्रेस, एमाले र अन्य दल एक ठाउँमा उभिँदै आएका दल हुन् ।'

पछिल्लो फेरिएको राजनीतिक परिस्थितिले विगतका त्रुटि र कमजोरीलाई सच्याएर अगाडि बढ्नुपर्ने सन्देश दिएको उनले बताए । त्यसैले कांग्रेस र एमालेजस्ता दलले आफूलाई बदलेर जनताप्रति जबाफदेही बनाउनुपर्ने उनले बताए ।

वामपन्थीबीच एकताको विकल्प छैन : गुरुङ

नेपाली कम्युनिस्ट पार्टी (नेकपा)का नेता देव गुरुङले वामपन्थीहरूबीच एकताको विकल्प नभएको बताएका छन् । उनले विखण्डित कम्युनिस्ट आन्दोलनलाई एकता नगरी लोकतन्त्र रक्षा गर्न कठिन रहेको बताए ।

नेकपाले कम्युनिस्टहरूको एकता प्रक्रिया सुरु गरेको बताउँदै उनले भने, 'यतिखेर संघीय लोकतान्त्रिक गणतन्त्र गम्भीर संकटमा छ, संविधान कोमामा छ । मुलुकको राष्ट्रिय स्वाधीनता सुगौली सन्धिपछि सबैभन्दा संकटमा छ । यो संकट सम्बोधन गर्ने अग्रगामी शक्ति कम्युनिस्ट पार्टी मात्र हुन सक्छ ।'

कम्युनिस्टहरू एकताबद्ध भएर अघि बढ्नुको विकल्प नभएको बताउँदै उनले भने, 'संकटको समाधान गर्ने नै सक्षम र सही अर्थमा राष्ट्रवादी हुन सक्छ । विखण्डित कम्युनिस्ट आन्दोलनलाई एकता नगरी लोकतन्त्रको रक्षा गर्न कठिन छ ।'

'जेनजी आन्दोलनका जिम्मा दलले लिनुपर्छ'

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का महामन्त्री कवीन्द्र बुर्लाकोटीले जेनजी आन्दोलन हुनुमा आफ्नो पार्टी सरकारमा रहुन्जेलको भागको जिम्मा लिने बताए । जेनजी आन्दोलन विस्फोट हुनुमा ३०, ३५ वर्ष राज्यको नेतृत्व गरेका सबै राजनीतिक दलले जिम्मेवारी लिनुपर्ने उनले बताए ।

'सरकारमा रहेका बेलाको जति भाग आए रास्वपाले समेत जिम्मेवारी लिनेछ,' बुर्लाकोटीले भने, 'केही घण्टा राज्यविहीनता र प्रधानमन्त्रीसमेत सेनाको हेलिकोप्टरबाट हिँड्नुपर्ने अवस्था कसरी आयो भनेर विश्लेषण गर्न जरुरी छ ।'

उनले समयमै निर्वाचन गर्न र लोकतन्त्रलाई लिकमा ल्याउने काममा एमाले पछि हट्न नहुने जिकिर गरे । रास्वपा सभापति सभापति रवि लामिछानेलाई तत्कालीन सरकारले प्रतिशोधपूर्ण ढंगले हिरासतमा राखेको उनले बताए ।

राजतन्त्रका पक्षमा राप्रपा

राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)का अध्यक्ष राजेन्द्र लिङ्देनले नवीन समझदारीमा जोड दिँदै राजतन्त्रकै पक्षमा अभिव्यक्ति दिए । उनले संविधान ब्युँताएर मुलुकलाई थप दुर्घटनामा लानेभन्दा पनि नयाँ समझदारी गर्नुपर्ने बताए । उनले जेनजी आन्दोलन कसैको उक्साहटमा मात्र नभई चरम कुशासन र बेरोजगारीको पृष्ठभूमिमा आक्रोश व्यक्त भएको बताए । उनले सरकार, दलहरू र पूर्वराजासहित नयाँ समझदारी गरेर देशले जित्ने निर्णय गर्नुपर्ने बताए । 'तीन परिवर्तनका तीन महत्वपूर्ण उपलब्धिहरू, २००७ सालको प्रजातन्त्र, २०४६ सालको बहुदलीय व्यवस्था र २०६२/०६३ को समावेशी र समानुपातिकता यी विषयलाई जोगाएर अब देशमा नयाँ समझदारी कायम गर्नुपर्छ,' लिङ्देनले भने, 'देशको परम्परागत शक्तिको प्रतिनिधि, राजनीतिक दलहरू र नवयुवालाई सम्बोधन गरेर देश बचाउने र देश बनाउनेतर्फ सबै दल एक ठाउँमा उभिनुपर्छ ।' गत भदौमा सम्पन्न एमालेको दोस्रो विधान सम्मेलनबाट १५ पदाधिकारीसहित २ सय ५१ सदस्यीय केन्द्रीय कमिटी चयन गर्दै एमालेको ११औं महाधिवेशन सम्पन्न हुनेछ ।

उद्घाटनमा जे...

कार्यक्रम सुरु हुनुअघि भक्तपुरको सल्लाघारी क्षेत्र खचाखच भइसकेको थियो । चितवनको नारायणी नदी किनारमा भएको १०औं महाधिवेशनमा भन्दा ११औं महाधिवेशनमा बढी सहभागी देखिएका छन् ।

मोबाइल नेटवर्क अवरुद्ध भएका कारण सहभागीले प्रत्यक्ष प्रसारण गर्न नपाएको गुनासो गरिरहेका थिए । १ हजार ५ सयभन्दा बढी सुरक्षाकर्मी परिचालन गरिएको सल्लाघारी क्षेत्रमा टोपी, कपडा, खानेकुरादेखि पानी बेच्नेसम्मले 'गज्जबको कमाइ भएको' प्रतिक्रिया दिए । महाधिवेशनमा ठूला दलका शीर्ष नेताहरू उपस्थित भएनन् । नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा, नेपाली कम्युनिस्ट पार्टीका संयोजक पुष्पकमल दाहाल 'प्रचण्ड', रास्वपाका कार्यवाहक सभापति डिपी अर्याल मात्र होइन, मधेस केन्द्रित दलका शीर्ष नेता पनि उद्घाटनमा सरिक भएनन् ।

उद्घाटन सत्रमा राप्रपा अध्यक्ष राजेन्द्र लिङ्देनले राजा, दल र जेन-जीबीच नयाँ समझदारीको आवश्यकता भएको बताएर संविधान 'मरिसकेको' दावी गरे । तर उनीबाहेक सबैले वर्तमान संविधान घाइते भएको दाबी गर्दै प्रतिनिधिसभा पुनर्स्थापना या चुनावमार्फत आउने जनप्रतिनिधिलाई शीघ्र सत्ता हस्तान्तरणको पक्षमा बलियो मत जाहेर गरे ।

रेमिट्यान्स...

सञ्चालनगत वित्तीय विवरण वार्षिक र अर्धवार्षिक रूपमा पेस गर्नुपर्नेछ । आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र वार्षिक विवरण बुझाउनुपर्नेछ भने अर्धवार्षिक विवरण ३० दिनभित्र पेस गर्नुपर्नेछ । आर्थिक वर्ष समाप्त भएको १५ दिनभित्र प्रोभिजनल फाइनान्सियल विवरण इमेलमार्फत पेस गर्नुपर्ने व्यवस्था पनि लागू गरिएको छ ।

रेमिट्यान्स कम्पनीका लागि थप दायित्व

नयाँ व्यवस्थाले विशेषगरी रेमिट्यान्स कम्पनीहरूका लागि वित्तीय तथा तथ्यांकीय विवरण पेस गर्ने दायित्व थप स्पष्ट बनाएको छ । कम्पनीको वित्तीय स्वास्थ्य, कारोबारको परिमाण र जोखिम अवस्थाको सूक्ष्म निगरानी गर्न सकिने गरी विवरण माग गरिएको राष्ट्र बैंकले जनाएको छ । यसले कमजोर वित्तीय अवस्था भएका संस्थाको पहिचान समयमै गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ ।

राष्ट्र बैंकका अनुसार यो परिमार्जनको मुख्य उद्देश्य विप्रेषण कारोबारमा पारदर्शिता र जबाफदेहिता बढाउनु हो । नेपालको अर्थतन्त्रमा विप्रेषणको योगदान महत्वपूर्ण रहेकाले यस क्षेत्रको विश्वसनीय तथ्यांक नीति निर्माणका लागि अपरिहार्य मानिन्छ । नियमित, समयमै र डिजिटल माध्यमबाट प्राप्त हुने विवरणले मौद्रिक नीति, विदेशी मुद्रा व्यवस्थापन र वित्तीय स्थायित्वमा सहयोग पुग्ने राष्ट्र बैंकको विश्वास छ ।

लुम्बिनी लायन्सले...

लुम्बिनीको समूहचरणदेखि उपाधी यात्रासम्म

लुम्बिनीले पहिलो खेलमा चितवन राइनोजलाई ६ विकेटले पराजित गरेपछि लगातार तीन खेलमा हारेको थियो । लुम्बिनी दोस्रो खेलमा कर्णालीसँग ९ विकेट, तेस्रो खेलमा काठमान्डुसँग २२ रन र चौथो खेलमा सुदूरपश्चिमसँग ७ विकेटले पराजित भएको थियो । त्यसपछि भएको पोखरासँगको खेलमा एक हारले उसको यात्रा सकिने अवस्था थियो । तर उसले पोखरालाई ३ विकेटले हराउँदै आशा जगायो । त्यसपछि छैटौं खेलमा विराटनगरलाई ५ विकेट र सातौं खेलमा जनकपुरलाई ४ विकेटले पराजित गऱ्यो । ६ अंक बटुल्दै तालिकामा चौथो बनेर लुम्बिनीले 'प्लेअफ'मा स्थान बनायो । तलिकामा तेस्रो स्थानमा आएको काठमान्डुले 'एलिमिनेट'मा लुम्बिनीसँग खेल्यो । सो खेलमा लुम्बिनीले काठमान्डुलाई ४ विकेटले हराएर दोस्रो क्वालिफायरमा स्थान बनायो । पहिलो क्वालिफायरमा सुदूरपश्चिमसँग हारेर आएको विराटनगरसँग लुम्बिनीले दोस्रो क्वालिफायरमा प्रतिस्पर्धा गऱ्यो । सो खेलमा विराटनगरलाई ४० रनले हराएर लुम्बिनीले फाइनलमा स्थान बनाएको थियो ।

फाइनलमा पनि सुदूरपश्चिममाथि ६ विकेटको जित दर्ता गर्दै उपाधि जित्न सक्यो । लुम्बिनीको 'एलिमिनेटर'मा काठमान्डुविरुद्ध दोस्रो क्वालिफायरमा विराटनगर र फाइनलमा सुदूरपश्चिमविरुद्ध उत्कृष्ट बलिङ गर्दै ३ वटै टोलीललाई सयभन्दा कम 'रनस्कोर'मा रोक्दै उत्कृष्ट खेल पस्कियो । सुदूरपश्चिमले लिग चरणमा ६ खेल जितेर शीर्षस्थान पक्का गरेको थियो । अन्तिम खेलमा विराटनगरसँग पराजित भए पनि सुदूरपश्चिमले पहिलो क्वालिफायरमा विराटनगरलाई पराजित गरेर फाइनलमा स्थान पक्का गरेको हो । दोस्रो संस्करणको एनपीएलमा प्रतियोगिताकै सर्वोत्कृष्ट नेपाली खेलाडी विजेता लुम्बिनी लायन्सकै कप्तान रोहित पौडेल घोषित भएका छन् । पुरस्कारस्वरुप रोहितले ओमोडा कार प्राप्त गरेका छन् । शनिबार सम्पन्न फाइनल खेलमा सुदूरपश्चिमलाई सजिलै पराजित गर्दै लुम्बिनी लायन्स च्याम्पियन बन्ने क्रममा कप्तान पौडेलको भूमिका अत्यन्त महत्वपूर्ण रहृयो । यो सिजन रोहितले २ सय ७६ रन बनाएका छन् भने १० विकेट लिएका छन् । फाइन खेलमा उनले हृयाट्रिक विकेट लिएपछि सुदुरपश्चिम खेलमा हच्कीएको थियो । अघिल्लो वर्ष उपविजेता रहेको टोली सुदूपश्चिमका दीपेन्द्र सिंह ऐरीले कार जितेका थिए ।

अधिकतम खुद्रा बिक्री मूल्य (MRP) प्रकाशनको सूचना

यस कम्पनीले चीनबाट पैठारी गरेको देहायको मालबस्तुको अधिकतम खुद्रा बिक्रीमूल्य (MRP) निम्न बमोजिम भएको व्यहोरा सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

तपशिल

NO.	Descriptions	Model	Capacity	Country of Orgin	Unit	MRP
1.	Chest Freeze	NK-DF250 HT	240 Ltrs	China	Pcs	45000
2.	Chest Freeze	NK-DF 350 HT	340 Ltrs	China	Pcs	53000

बिक्रेताको नाम : R.K. Exim International **Exim Code : 6217540630135NP**
ठेगाना : Birgunj, Nepal **फोन नं. : 051- 531210**

Ratuwamai Municipality
Office of Municipal Executive
Sijuwa, Morang
Koshi Province, Nepal

Invitation for Procurement of Goods

First Date of Publication : 2082/08/28

1. Ratuwamai Municipality Office invites sealed quotation (egp) from Nepalese eligible bidders for the procurement of goods mentioned below :-

S.N	Contract Name/Contract ID	Cost of Bidding Document (NRs)	Bid Security Amount (NRs)	Deadline date of bid submission and opening date
1.	Procurement of Bed Maker (Corn) (Rmun/SQ/Agriculture/Goods/01/2082/83)	1,000/-	45,000/-	Submission Deadline 2082/09/14, 12:00 Noon Opening Date 2082/09/14, 13:00 Noon

2. Eligible Bidders may obtain further information by visiting Ratuwamai Municipality.
3. A complete set of bidding documents may be bought from Ratuwamai Municipality office during office hours and should deposit the cost (as specified above) of bidding document in the office Rajaswa (Revenue) account as specified below and the original copy of the bank deposit voucher shall be submitted by the bidder at the time of submission of the bids. Information to deposit the cost of bidding document and bid security in bank are as follows:

Bid Document Purchase Fee	Bid Security
Name of Bank : **Nepal Investment Mega Bank Ltd.** Account Name : **Ga.1.1 Ratuwamai Na.Pa Aantarik Rajasho Khata** Account Number : **09701400000093**	Name of Bank : **Nepal Investment Mega Bank Ltd.** Account Name : **Ga.3.1 Ratuwamai Na.Pa Dharauti Khata** Account Number : **09701400000031**

4. If the last date of opening falls on government holiday, then the working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain same as specified for the original last date of bid submission.

Chief Administrative Officer

Government of Koshi Province
Ministry of Physical Infrastructure Development
Directorate of Infrastructure Development

Infrastructure Development Office
Tumlingtar, Sankhuwasabha, Nepal

Invitation for e - Bid

First Date of Publication: **2082/08/28 (December 14, 2025)**
Invitation for Bids No.: **IDOSANK-05/2082/83**

1. Infrastructure Development Office, Sankhuwasabha invites open competitive biddings (Single Stage – Single Envelope e - bids) from eligible bidders for following works under Sealed Quotation Procedures. For Detail of works please visit www.boalpatra.gov.np/egp.

S. N.	Contract Identification Number	Description and Location of Works	Estimate Amount with VAT & PS (NRs.)	Bid Security Amount (NRs.)	Bid Validity / Security Validity Period	Price of Bid Document (NRs.)
1	IDOSANK/Works/Road/ SQ-06/2082/83	Upgrading of Amaruwa Ma.Vi. Jagirgaun Road, Dharmadevi Na.Pa.-08, Sankhuwasabha	485822.72	13000	45 + 30 days from deadline for submission of Bids.	1000
2	IDOSANK/Works/Road/ SQ-07/2082/83	Upgrading of Chainpur 7 Phalate Purano Chainpur hudai Madi Na. Pa. Road, Chainpur Na.Pa.-07 Sankhuwasabha	673073.12	17000		1000
3	IDOSANK/Works/Road/ SQ-08/2082/83	Upgrading of Chainpur Chyandanda to 9 no. Wada Karyalaya Road, Chainpur-09, Sankhuwasabha	674627.57	17000		1000
4	IDOSANK/Works/Road/ SQ-09/2082/83	Upgrading of Gadeko Dhunga Simle to Piluwa Road, Dharmadevi Na.Pa., Sankhuwasabha	483324.97	12000		1000
5	IDOSANK/Works/Road/ SQ-10/2082/83	Healthpost Gumba 6 no. Ward Panchkhappan Road	499854.04	13000		1000
6	IDOSANK/Works/Road/ SQ-11/2082/83	Upgrading of Khukurepani Yebhang Road, Dharmadevi-09	493915.63	13000		1000
7	IDOSANK/Works/Road/ SQ-12/2082/83	Upgrading of Koshi Rajmarga to Arunthan Road, Chainpur-08, Sankhuwasabha	974786.30	24000		1000
8	IDOSANK/Works/Road/ SQ-13/2082/83	Upgrading of Machin Dada Those Road, Dharmadevi Na.Pa.-02, Sankhuwasabha	488170.84	13000		1000
9	IDOSANK/Works/Road/ SQ-14/2082/83	Upgrading of Majhuwa Simle Jharna Road, Dharmadevi Na.Pa.-03, Sankhuwasabha	488170.84	13000		1000
10	IDOSANK/Works/Road/ SQ-15/2082/83	Upgrading of Panchkhappan Wana Hospital to Magar Gaun Road, Panchkhappan Na.Pa.-06, Sankhuwasabha	488170.84	13000		1000
11	IDOSANK/Works/Road/ SQ-16/2082/83	Upgrading of Silichong Mangtewa Yaku (Inkevir Section) Road	973403.31	25000		1000
12	IDOSANK/Works/Road/ SQ-17/2082/83	Upgrading of Toribari Padma Dada Transformer Road, Madi Na.Pa.-05, Sankhuwasabha	584132.24	15000		1000
13	IDOSANK/Works/Road/ SQ-18/2082/83	Wada Karyalaya Chungkhurung to Janajagaran Toll Hudai Chandrahari Samadhi Road, Panchkhapan Na.Pa.-08, Sankhuwasabha	770129.17	20000		1000
14	IDOSANK/Works/Road/ SQ-19/2082/83	Sobhangma Dadagaun Tinghare Kharsu Road, Chichila-01,03, Sankhuwasabha	971476.98	25000		1000
15	IDOSANK/Works/Road/ SQ-20/2082/83	Upgrading of Shobhangma Childada Kharsu Hudai Phakadaam Road	967742.39	25000		1000
16	IDOSANK/Works/Road/ SQ-21/2082/83	Kotashi Deurali Road, Sawapokhari-06, Sankhuwasabha	967377.34	25000		1000

Last Date of Purchasing of Bids	Last Date of Submission of Bids	Date of Opening of Bids	Employer's Bank Account for Purchasing of Bid Document	Employer's Bank Account to deposit Cash for the Bid Security
On or Before 29th December 2025 (2082/09/14) from online or bank deposit Before 12 Noon	On or Before 29th December 2025 (2082/09/14) from online or bank deposit Before 12 Noon	On 29th December 2025 (2082/09/14) at 13:00 hours	Office code: **3370104011** Bank: **Rastriya Banijya Bank** Revenue Account: **1000200010000** Revenue head no: **14229**	Office code: **3370104011** Bank: **Rastriya Banijya Bank, Khandbari Branch** Account No: **2080100202030000** (Kolenika, Sankhuwasabha)

2. If the last date of purchasing, submission and opening falls on a government holiday then the next working day shall be considered at last day. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
3. The employer reserves the right to accept or reject, wholly or partly any or all the Procurement of Works without assigning any reason, whatsoever. Other Procurement process remains as per rule of PPPR, PPA and PPR.

Office Chief